# गैर स्थलगत निरीक्षण प्रतिबेदन

## ज़ीबन
## निर्जीबन

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

NEPAL INSURANCE AUTHORITY

| बीमा ऐनद्वारा निर्दिष्ट बुँदाहरु | | | |
|---|---|---|---|
| दफा | कानूनी प्रावधान | कानूनी प्रावधान (बिस्तृत) | आकर्षित दफा |
| १४ | संचालकलाई ऋण, जमानत तथा सुरक्षण दिन नहुने | कुनै पनि बीमकले आफ्नो सचालक वा निजका परिवार वा निज मेनेजिङ्ग एजेण्ट भएको वा हिस्सेदार भएको कुनै पनि सगठित संस्थालाई ऋण दिन वा कसैले ऋण दिदा कुनै किसिमको जमानत वा सुरक्षण दिन हुँदैन । तर बीमकले जारी गरेको बीमालेखको सरेण्डर भ्यालुसम्म दिएको ऋण बारे यो दफा लागू हुने छैन । | १२(क) बीमा ब्यवसायमा रोक लगाउन सकिने |
| १५ | सूचना दिनु पर्ने | बीमकले आफ्नो संचालक वा निजको परिवार वा निज मेनेजिङ्ग एजेण्ट भएको वा हिस्सेदार भएको कुनैपनि सगठित संस्थासग बीमा व्यवसायको कुनै कारोबार गरेमा निजले त्यसको सूचना पैंतिस दिनभित्र समितिलाई दिनु पर्नेछ । | १२(क) बीमा ब्यवसायमा रोक लगाउन सकिने |
| १९ | बीमकको हिसाब किताब र लेख | (१) बीमकले आफ्नो हिसाव किताबको श्रेस्ता रीतपूर्वक राख्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम राखिएको श्रेस्तामा बीमकको काम कारवाहीको वास्तविक स्थिति यथाथ थाहा हुने गरी बीमकको प्रत्येक आम्दानी खर्चको विवरण तथा बीमकको जायज्यथा र दायित्वको विस्तृत विवरण स्पष्ट रुपमा उल्लेख गरिएको हुनु पर्नेछ । | १२(क) बीमा ब्यवसायमा रोक लगाउन सकिने |
| २० | बेग्लै हिसाब राख्नु पर्ने | (१) कुनै बीमकले बीमा व्यवसायको साथसाथै अन्य कुनै व्यवसाय गरेमा त्यस्तो बीमकले बीमा व्यवसाय संबन्धी हिसाव किताव बेग्लै राख्नु पर्नेछ ।<br>(२) एकभन्दा बढी बीमा व्यवसाय गर्ने बीमकले प्रत्येक बीमा व्यवसायको हिसाव किताव छुट्टाछुट्टै रुपमा स्पष्ट पारी राख्नु पर्नेछ । | १२(क) बीमा ब्यवसायमा रोक लगाउन सकिने |
| २१ | बीमा कोष | (१) बीमकले प्रत्येक बीमा व्यवसायको छुट्टाछुट्टै कोष राख्नु पर्नेछ र बीमा व्यवसायबाट प्राप्त रकम सम्बन्धित कोषमा जम्मा गर्नु पर्नेछ ।<br>(२) एउटा बीमा व्यवसायको निमित्त राखिएको कोषबाट अर्को बीमा व्यवसाय सम्बन्धी दायित्व व्यहोर्न पाइने छैन । | १२(क) बीमा ब्यवसायमा रोक लगाउन सकिने |
| २२ | अनिवार्य जगेडा कोष | प्रत्येक बीमकले नेपाल अधिराज्यभित्रको आफ्नो बीमा व्यवसाय सम्बन्धी दायित्वको निमित्त समितिले तोके बमोजिमको जगेडा कोष राख्नु पर्नेछ । | १२(क) बीमा ब्यवसायमा रोक लगाउन सकिने |
| २३ | वासलात पेश गर्नु पर्ने | (१) बीमकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र बीमा व्यवसाय सम्बन्धी आफ्नो सम्पूर्ण कारोबारको वासलात तथा नाफा नोक्सानीको हिसाव प्रकाशित गरी सोको एक प्रति समितिमा पेश गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको म्याद भित्र कुनै बीमकले पेश गर्नु पर्ने वासलात र नाफा नोक्सानीको हिसाव समितिमा पेश गर्न नसकेको मनासिब कारण देखाई म्याद थपको लागि निवेदन दिएमा समितिले एक महिनासम्मको म्याद थप गरिदिन सक्नेछ । | ११(क) दर्ताको नबीकरण नहुने |
| २४ | आम्दानीको हिसाब पेश गर्नु पर्ने | (१) बीमकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र समितिले तोकेको ढाचामा नेपाल अधिराज्यभित्र बीमा व्यवसायबाट भएको आम्दानीको हिसाव छुट्टा छुट्टै रुपमा तयार गरी समितिमा पेश गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको म्याद भित्र कुनै बीमकले आम्दानीको हिसाव पेश गर्न नसकेको मनासिब कारण देखाई म्याद थपको लागि निवेदन दिएमा समितिले एक महीनासम्मको म्याद थप गरिदिन सक्नेछ । | ११(क) दर्ताको नबीकरण नहुने |
| २५ | लेखा परिक्षण | (१) बीमकले आफूले गरेका बीमा व्यवसायको हिसाव किताबको लेखा परिक्षण प्रचलित कानून बमोजिम मान्यता प्राप्त लेखा परिक्षकद्वारा गराई सो को प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दश महिनाभित्र समिति समक्ष पेश गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा लेखा परिक्षण गर्दा कैफियत तलब गरिएका बेरुजू तथा अनियमितता कुरा र सो बारेको व्यवस्थापन तर्फको स्पष्टीकरण समेत उल्लेख भएको हुनु पर्नेछ । | ११(क) दर्ताको नबीकरण नहुने |
| २६ | बीमाङ्कीद्वारा मूल्यांकन गराउने | जीवन बीमा व्यवसाय गर्ने बीमकले प्रत्येक तीनवर्षमा एक पटक आफ्नो आर्थिक स्थितिको लेखा जोखा र दायित्वको मूल्यांकन बीमाङ्कीद्वारा गराउनु पर्नेछ । सो संबन्धमा बीमाङ्कीले पेश गरेको प्रतिवेदनको एक प्रति बीमकले समितिमा पेश गर्नु पर्नेछ । | ११(क) दर्ताको नबीकरण नहुने |

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

| | | | |
|---|---|---|---|
| २७ | बीमा शुल्क जोखिम ग्रहण गर्नु भन्दा अगाडी भुक्तानी हुनु पर्ने | कुनै पनि बीमकले कुनै पनि किसिमको बीमा व्यवसाय गर्दा लिइने बीमा वापतको शुल्क रकम प्राप्त नभएसम्म बीमा जोखिम स्वीकार गर्नु हुदैन । बीमकले जोखिम ग्रहण गरे वापत बीमा शुल्क रकम प्राप्त गरेपछि मात्र बीमा गरेको मानिनेछ ।<br>तर कुनै कारणवश एकमुष्ट रकम बुझाउन व्यवहारिक कठिनाइ परी बाँकी रकम भुक्तानी गर्ने सवन्धमा अवधि किटान गरी बैंक वा नेपाल सरकारको जमानतमा बीमा लेख जारी गर्न यस दफाले कुनै बन्देज लगाएको मानिने छैन । | १२(क) बीमा व्यवसायमा रोक लगाउन सकिने |
| २८ | पुनर्बीमा गराउनु पर्ने | बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बाँकी रहेको जोखिमको पुनर्बीमा समितिले तोके बमोजिम गराउनु पर्नेछ । | १२(क) बीमा व्यवसायमा रोक लगाउन सकिने |
| २९ | कानूनी प्रतिनिधी राख्नु पर्ने | बीमकले नेपाल अधिराज्य भित्रको आफ्नो मुख्य कार्यालयमा एकजना कानूनी प्रतिनिधि राख्नु पर्नेछ । | |
| ४० | ४०.बीमा सेवा शुल्क | (१) समितिले बीमक तथा बीमा अभिकर्ताहरुलाई आवश्यक एवं उपयुक्त सेवा उपलब्ध गराउनेछ ।<br>(२) उपदफा (१) बमोजिम समितिले उपलब्ध गराएको सेवा प्राप्त गर्न प्रत्येक बीमकले प्रत्येक आर्थिक वर्षमा नेपाल अधिराज्य भित्र आफुले बीमा व्यवसायबाट आम्दानी गरेको कुल बीमा शुल्कको एक प्रतिशतका दरले हुन आउने रकम समितिले तोकिदिए बमोजिम समितिलाई बुझाउनु पर्नेछ । | ११(क) दर्ताको नबीकरण नहुने |
| | बीमा नियमाबलीद्वारा निर्दिष्ट बुँदाहरु | | |
| ९ | प्रमाणपत्र नवीकरण सम्वन्धी व्यवस्था | (१) बिमकले आफ्नो प्रमाणपत्र नवीकरण गराउनको लागि ऐनको दफा ११ बमोजिमको म्यादभित्र नवीकरण दस्तुर वापत पचास हजार रुपैयां समेत सलग्न राखी अनुसूची–४ बमोजिमको ढाँचामा समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम नवीकरणको लागि निवेदन दिने बिमकको प्रधान कार्यालय नेपाल अधिराज्यबाहिर भए त्यस्तो विदेशी बिमकले आफ्नो मुलुकको अधिकार प्राप्त अधिकारीबाट सो मुलुकको प्रचलित कानून बमोजिम बिमा व्यवसाय गर्न प्राप्त गरेको प्रमाणपत्र नवीकरण गरेको निस्सा समेत यस नियम बमोजिम नवीकरणको लागि दिने निवेदनसाथ सलग्न गरेको हुनु पर्नेछ ।<br>(३) यस नियमबमोजिम प्रमाणपत्र नवीकरणको लागि ऐनको दफा ११ को उपदफा (१) मा तोकिएको म्याद नघाइ बिमकको निवेदन प्राप्त भएमा समितिले ऐनको दफा ११ को उपदफा (३) का अधिनमा रही प्रमाणपत्र नवीकरण गरिदिन सक्नेछ । | ११(क) दर्ताको नबीकरण नहुने |
| १२ | बीमकले अन्य क्षेत्रमा लगानी गर्दा स्विकृती लिनुपर्ने | बिमकले समितिले तोकिदिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा लगानी गर्दा समितिको पूर्व स्वीकृति लिनु पर्ने छ । | ३६ दण्ड सजायँ गर्न सक्ने |
| १३ | ऋण दिन वा लगानी गर्नमा प्रतिवन्ध | यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिमकको संचालक समितिको कुनै पनि सदस्य संचालक भएको वा त्यस्तो सदस्यको वित्तीय स्वार्थनिहित भएको कुनै पनि संगठित संस्थालाई बिमकले कुनै पनि किसिमको ऋण दिन वा लगानी गर्न पाउने छैन ।<br>३ स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि "वित्तीय स्वार्थ" भन्नाले बीमकको सचालक वा निजको एकाघर परिवारका सदस्यले कुनै कम्पनी वा सगठित सस्थाको चुक्ता पूँजीको दश प्रतिशत वा सो भन्दा बढी रकमको छुट्टा छुट्टै वा सयुक्त रुपमा शेयर खरिद गरेको रहेछ भने त्यस्तो कम्पनी वा संगठित सस्थामा बीमकको सचालकको वित्तीय स्वार्थ निहित रहेको मानिनेछ । | १२(क) बीमा व्यवसायमा रोक लगाउन सकिने |

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

| | | | |
|---|---|---|---|
| | | ३ पहिलो संशोधनद्वारा थप गरिएको | |
| १४ | विवरण पेश गर्नुपर्ने | (१) एकभन्दा बढी बिमा व्यवसाय गर्ने बिमकले ऐनको दफा २० को उपदफा (२) बमोजिम प्रत्येक बिमा व्यवसायको हिसाव किताव स्पष्ट रुपमा छुट्टाछुट्टै राखी अनुसुची–५ बमोजिमको ढाँचामा सो को विवरण प्रत्येक आर्थिक बर्ष समाप्त भएको ६ महिनाभित्र समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।<br><br>१९स्पष्टीकरण : "अनुसुची - ५" भन्नाले अनुसुची– ५ को खण्ड "क", "ख", "ग", "घ",<br><br>"ङ", "च", "छ", "ज", "झ", "ञ", "ट", "ठ", "ड", र "ढ" लाइ समेत जनाउँछ ।<br><br>(२) बिमकले आफ्नो सम्पति र दायित्वको सम्पूर्ण विवरण अनुसूची –६ बमोजिमको ढाँचामा प्रत्येक आर्थिक बर्ष समाप्त भएको ६ महिनाभित्र समितिको कार्यालयमा पेश गर्नु पर्नेछ । | १२(क) बीमा व्यवसायमा रोक लगाउन सकिने |
| १५ | गेडा कोषमा जम्मा गर्नुपर्ने रकम : | बिमकले नेपाल अधिराज्यभित्रको आफ्नो बिमा व्यवसाय सम्बन्धी दायित्वको निमित्त ऐनको दफा २२ बमोजिम खडा गरेको जगेडा कोषमा देहायबमोजिम रकम जम्मा गर्नुपर्ने छ :–<br><br>(क) जीवन बिमा व्यवसाय गर्ने बिमकले नेपाल अधिराज्यमा प्रकाशित गरेको बिमा लेखको आधारमा बिमाकीले तोकिदिएको सम्पूर्ण दायित्वमा कम नहुने रकम ।<br><br>(ख) निर्जीवन बिमा व्यवसायको आम्दानी खर्चमा देखाइएको खुद बिमा शुल्कको घटीमा पचास प्रतिशत रकम ।<br><br>(ग) निर्जीवन बिमा व्यवसाय गर्ने बिमकको चुक्ता पूँजीको बराबर नभएसम्म मुनाफा हुन आएको रकमको पचास प्रतिशत ।<br><br>तर सामुद्रिक बिमाको सम्बन्धमा कम्तीमा तीन वर्षसम्म जगेडा कोषमा राखिएको रकमलाइ मुनाफामा गणना गरिने छैन ।<br><br>(घ) बिमकले प्रत्येक आर्थिक बर्ष समाप्त हुनुअघि दावी भुक्तानी वापत बाँकी रकमको एक सय पन्ध्र प्रतिशत रकम । | १२(क) बीमा व्यवसायमा रोक लगाउन सकिने |
| १५क | जीवन बीमा तथा निर्जीवन बीमा व्यवसाय गर्दै आएका बीमकले अलग अलग संस्थाको रुपमा बीमा व्यवसाय गर्नु पर्ने : | (१) कोष नियम प्रारम्भ हुनुभन्दा अघि जीवन बीमा तथा निर्जीवन बीमा व्यवसाय संचालन गर्ने गरी दर्ता भई जीवन बीमा तथा निर्जीवन बीमा व्यवसाय सचालन गर्दै आएका बीमकले समितिले तोकेको मितिदेखि जीवन बीमा र निर्जीवन बीमा व्यवसाय गर्ने अलग–अलग संस्थाको रुपमा बीमा व्यवासय गर्नु पर्नेछ ।<br><br>(२) उपनियम (१) बमोजिम जीवन बीमा र निर्जीवन बीमा व्यवसाय गर्ने अलग-अलग संस्थाको रुपमा बीमा व्यवासय गर्दा बीमकले देहायका शर्तहरु पूरा गर्नु पर्नेछ ।<br><br>(क) प्रबन्धपत्र तथा नियमावलीमा सशोधन गरी गर्दै आएको दुई बीमा व्यवसायमध्ये कुनै एक बीमा व्यवसाय मात्र गर्ने व्यवस्था गर्ने र अर्को बीमा व्यवसाय संचालन गर्नको निमित्त प्रचलित कानूनका अधीनमा रही अर्को संस्था खडा गर्ने । | ३६ दण्ड सजायँ गर्न सक्ने |

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

| | | | |
|---|---|---|---|
| | | (ख) खण्ड (क) बमोजिम बीमा व्यवसाय गर्ने अलग अलग संस्थाको व्यवस्थापन अलग-अलग रुपमा गर्ने ।<br>(ग) प्रत्येक संस्थाको लागि अलग-अलग रुपमा भुक्तानी पूँजी उठाउने व्यवस्था गर्ने ।<br>(घ) जीवन बीमा र निर्जीवन बीमा व्यवसाय अलग-अलग ढगबाट सञ्चालन गर्ने सम्बन्धमा समितिले तोकिदिएका अन्य शर्तहरु पूरा गर्ने ।<br>(३) उपनियम (१) र (२) बमोजिम जीवन बीमा र निर्जीवन बीमा व्यवसाय गर्ने अलग-अलग संस्थाको रुपमा बीमा व्यवसाय गर्दा बीमकले ऐनको दफा २१ बमोजिमको बीमा कोषमा जम्मा रहेको रकममध्ये जीवन बीमातर्फको रकम जीवन बीमा व्यवसाय गर्ने संस्थाको नाममा र निर्जीवन बीमातर्फको रकम निर्जीवन बीमा व्यवसाय गर्ने संस्थाको नाममा छुट्टा छुट्टै बीमा कोष खडा गरी जम्मा गर्नु पर्नेछ । | |
| १६ | बिमकको व्यवस्थापन खर्च : | बिमकले बिमा व्यवसाय गर्दा शुल्क बापत आम्दानी गरेको कुल रकममध्ये सामुद्रिक बिमाको सम्वन्धमा पच्चीस प्रतिशतसम्म र अन्य बिमाका सम्वन्धमा तीस प्रतिशतसम्म व्यवस्थापन कार्यतर्फ खर्च गर्न सक्नेछ ।<br>तर बिमा कार्यालय स्थापना र यान्त्रीकरण गर्दा भएको खर्चलाई व्यवस्थापन खर्चमा समावेश गरिने छैन । | ३६ दण्ड सजायँ गर्न सक्ने |
| १७ | बिमा व्यवसायको विस्तार गर्न स्वीकृति लिनुपर्ने | (१) बिमकले प्रमाणपत्र प्राप्त गर्दा बिमा व्यवसाय गर्न पाउने स्वीकृति प्राप्त बीमा व्यवसायका किसिमका अतिरिक्त अन्य बिमा व्यवसाय गर्न चाहेमा समितिको स्वीकृति लिनुपर्ने छ ।<br>(२) कुनै बिमकले थप शाखा कार्यालयहरु खोली आफूले गर्ने बिमा व्यवसायको विस्तार गर्न चाहेमा गर्न समितिको स्वीकृति लिनुपर्ने छ । | ३६ दण्ड सजायँ गर्न सक्ने |
| १८ | शुल्कको दर | (१) बिमकले बीमा व्यवसाय गर्दा बिमितसंग लिन पाउने शुल्कको दर निर्धारण गर्न सल्लाहकार समितिले समितिलाई आवश्यक सल्लाह प्रदान गर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम सल्लाहकार समितिको परामर्शमा समितिद्वारा निर्धारित दरमा फरक पर्ने गरी कुनै पनि बिमकले शुल्क दर निर्धारण गरी बिमा व्यवसाय गर्न पाउने छैन ।<br>३ (३) उपनियम (२) बमोजिम समितिद्वारा निर्धारित बीमा शुल्कको दरमा फरक पर्ने गरी कुनै बीमकले बीमा व्यवसाय गरे गराएमा समितिले त्यस्तो बीमकले गर्दै आएको बीमा व्यवसायलाई पूर्ण वा आंशिक रुपमा रोक लगाई वा रद्द गरी त्यस्तो बीमा व्यवसाय त्यस भन्दा अघि अन्य कुनै बीमकले गर्दै आएको भए सो बीमा व्यवसाय पूर्व बीमक नै र पूर्व बीमक भएको अवस्थामा अन्य बीमकमा हस्तान्तरण गर्ने व्यवस्था गर्नु पर्नेछ । | ११(क) नबकिरण नहुने |
| २३ | बीमा अभिकर्तालें पाउने कमिशन रकम : | (१) कुनै पनि बिमा अभिकर्तालाई बिमितले बुझाउने शुल्क रकममा देहायमा लेखिए भन्दा बढी हुने गरी कमिशन रकम दिइने छैनः–<br>(क) जीवन बिमाको सम्वन्धमा अनुसूची–११ मा उल्लेख भए बमोजिमको कमिशन रकम ।<br>(ख) निर्जीवन बीमाको सम्वन्धमा समितिले तोकिदिएबमोजिमको कमिशन रकम ।<br>(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) मा उल्लेखित कमिशन रकमको | ३६ दण्ड सजायँ गर्न सक्ने |

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

| | | | |
|---|---|---|---|
| | | अतिरिक्त बिमकले बिमा अभिकर्तालाइ इन्सेन्टिभ वोनस समेत दिन सक्नेछ। | |
| ३१ | **जीवन बिमाको दावी भुक्तानी प्रकृया :** | (१) बिमकले जीवन बिमाको शुल्कको अन्तिम किस्ता भुक्तान गरि सकेका बिमितको नाममा किस्ता भुक्तान गरेको मितिले पन्ध्र दिनभित्र त्यस्तो जीवन बिमाको दावी भुक्तानी गर्नको लागि चाहिने बिमा लेख आदि कागजातहरु समेत संलग्न राखी दावी भुक्तानी गन आउनको निमित्त भुक्तानी पूर्जी (डिस्चार्ज भाउचर) जारी गर्नुपर्ने छ ।<br><br>(२) उपनियम (१) बमोजिम बिमितले जीवन बिमाको दावी भुक्तानीको निमित्त बिमा लेख तथा अन्य कागजातहरु र भुक्तानी पूर्जी समेत बिमकसमक्ष पेश गरेमा बिमकले आवश्यक जाँचबुझ गरी जीवन बिमा लेखको अवधि भुक्तान भएको सात दिनभित्र निजलाई जीवन बिमाको दावी भुक्तानी दिनुपर्ने छ ।<br><br>(३) कुनै जीवन बिमा लेखको अवधि समाप्त हुनु अगावै सो बिमा लेख लिने बिमितको मृत्यु भएमा निजले इच्छाएको व्यक्ति भए निजले र कसैलाई इच्छाएको नभए ऐनको दफा ३८ को उपदफा (१) मा उल्लिखित व्यक्तिहरुमध्ये सबै भन्दा नजिकको हकवालाले त्यस्तो जीवन बिमाको रकम लिनको लागि देहायका विवरणहरु खुलाई दावी भुक्तानीको निवेदन बिमकसमक्ष पेश गर्नुपर्ने छ ।<br><br>(क) दावी सम्वन्धी विवरण ।<br><br>(ख) बिमितको मृत्यु प्रमाणपत्र ।<br><br>(ग) दुर्घटनावाट बिमितको मृत्यु भएको र त्यस्तो जोखिम जीवन बिमामा समावेश भएको भए बिमितको मृत्युको कारण सम्वन्धमा सरकारी चिकित्सकद्वारा गरिएको शव परीक्षणको प्रतिवेदन र सो नभए प्रहरी प्रतिवेदन ।<br><br>(घ) बिमितसंगको नाता प्रमाणपत्र ।<br><br>(ङ) उमेर प्रमाणित नभएको अवस्थामा उमेर प्रमाणित गर्ने कागजातहरु ।<br><br>(च) समितिद्वारा तोकिदिएका अन्य विवरणहरु ।<br><br>(४) उपनियम (३) बमोजिमको निवेदन प्राप्त भएपछि बिमकले जीवन बिमा दावीको सम्वन्धमा पेश भएका कागजात समेतका विवरणहरु छानवीन गरी आवश्यक भए अन्य कुराहरु समेत बुझी आफूसमक्ष त्यस्ता कगाजातहरु प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दायित्व निर्धारण गरी दावी भुक्तानी लिन आउनको निमित्त निवेदकको नाममा भुक्तानी पूर्जी (डिस्चार्ज भाउचर) जारी गर्नु पर्नेछ । यसरी जारी गरेको भुक्तानी पूर्जी निवेदकवाट प्राप्त भएको मितिले पन्ध्र दिनभित्र बिमकले बिमाको दावी भुक्तानी गर्नुपर्ने छ ।<br><br>(५) उपनियम (४) बमोजिम बिमकले विवरणहरु छानवीन गर्दा दायित्व निर्धारण गरी बिमा दावी भुक्तानी गर्नु नपर्ने देखेमा सो को कारण खोली त्यसको लिखित जानकारी निवेदकलाई दिनुपर्ने छ । | |

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

| | | | |
|---|---|---|---|
| ३२ | निर्जीवन बिमाको दाबी भुक्तानी प्रकृया | (१) निर्जीवन बिमा गर्ने बिमितले बिमा लेख बमोजिमको दावी गर्नुपर्ने भएमा तत्सम्वन्धी सम्पूर्ण विवरणहरु खुलाई बिमकसमक्ष निवेदन दिनुपर्ने छ।<br>(२) उपनियम (१) बमोजिम निर्जीवन बिमाको दावी भुक्तानीको निमित्त बिमितको निवेदन प्राप्त भएमा बिमकले आवश्यक जाँचबुझ गर्न आवश्यक परेमा तुरुन्त सर्भेयर खटाउन सक्नेछ।<br>(३) उपनियम (२) बमोजिम खटिएको सर्भेयरले आवश्यक जाँचबुझ गरी पन्ध्र दिनभित्र बिमकको दायित्वको निर्धारण गरी त्यसको विस्तृत विवरण समेतको प्रतिवेदन बिमकसमक्ष पेश गर्नुपर्ने छ र त्यसबारे बिमा लेखको शर्त तथा सुविधाको अधीनमा रही बिमितले पाउन सक्ने रकम उल्लेख गरी बिमितलाई जानकारी दिनु पर्नेछ।<br>(४) उपनियम (३) बमोजिम सर्भेयरले बिमकसमक्ष प्रतिवेदन पेश गरेको साधारणतया पैंतीस दिनभित्र बिमकले दायित्व ठहर गरी बिमितलाई निर्जीवन बिमाको दावी भुक्तानी गर्नुपर्ने छ। | |
| ३६क | सवारी दुर्घटना बीमा गर्ने बिमितलाई प्रमाणपत्र दिनु पर्ने | बीमकले सवारी दुर्घटना बिमा गर्ने बिमितलाई अनुसूची –२१ बमोजिमको ढाँचामा बीमाको प्रमाणपत्र दिनु पर्नेछ। | ३६ दण्ड सजायँ गर्न सक्न |
| ३६ख | कानून अधिकृत नियुक्त गर्नु पर्ने : | बिमकले नेपाल अधिराज्य भित्रको आफ्नो प्रधान कार्यालयमा पूरा कार्यालय समय काम गर्ने एक कानून अधिकृत नियुक्त गर्नु पर्नेछ। | ३६ दण्ड सजायँ गर्न सक्न |
| ३६ग | बीमा शुल्क नबुझाएसम्म कारोवार भएको नमानिने : | बिमितले बीमकसित बीमा गरे बापत बुझाउनु पर्ने बीमा शुल्कको रकम नबुझाएसम्म निजहरुको बीचमा बीमा सम्बन्धी कारोबार भएको मानिने छैन। | ३६ दण्ड सजायँ गर्न सक्ने |
| | | निर्देशनहरु | |
| | बिवरणहरु पेश गर्नु पर्ने | लगानी तथा कारोवारको चौमासिक विवरणहरु पेश गर्नु पर्ने। | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | अन्य बुँदाहरु | |
| | बित्तीय बिवरणहरु जाँच गर्ने | कम्पनीले पेश गर्ने विभिन्न आवधिक वित्तीय विवरणहरुको जाँच गरी कैफियतहरु पत्ता लगाउने | |

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

| | | | |
|---|---|---|---|
| | लेखापरीक्षणको प्रतिबेदन परीक्षण जाँच गर्ने | कम्पनीले पेश गर्ने लेखापरीक्षणको प्रतिवेदनको जाँच गरी कैफियतहरु पत्ता लगाउने | |
| | कम्पनी ऐनले तोकेका बिषयहरुको जाँच गर्ने | कम्पनी ऐन अनुसार भए नभएको जाँच गर्ने | |
| | अन्तर्राष्ट्रिय प्रचलन अनुसार का बिषयहरुको परीक्षण गर्ने | नयाँ विषय देखिएमा अन्तर्राष्ट्रिय प्रचलनअनुसार परीक्षण गर्ने । | |

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY